# चुमनुव्री गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: १ संख्या: ८ मिति: २०७५/०२/१४

## भाग-२

## चुमनुव्री गाउँ कार्यपालिकाको आयोजना संचालन सम्बन्धी

## कार्यविधि, २०७५

**चुमनुव्री गाउँपालिका**

**सिर्दिबास, गोरखा**

# चुमनुब्री गाउँ सभाबाट स्वीकृत मितिः २०७५/०२/१४

## १. प्रस्तावनाः

चुमनुब्री गाँउ कार्यपालिकाको योजना तर्जूमा प्रकृयाको निर्देशन र अधिनमा रहि वडा स्तरीय योजना का साथै गाउँपालिका स्तरीय योजना संचालन गर्न गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत गरी यो योजना संचालन सम्वन्धी कार्यविधि जारी गरिएको छ।

## २. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "उपभोक्ता समिति" भन्नाले चुमनुब्री गाउँपालिका भित्र योजना संचालन गर्न गठीत कार्य समितिलाई सम्झनु पर्दछ।

(ख) "अध्यक्ष" भन्नाले उपभोक्ता समितिको अध्यक्षलाई सम्झनु पर्दछ।

(ग) "उपाध्यक्ष" भन्नाले उपभोक्ता समितिको उपाध्यक्ष सम्झनु पर्दछ।

(घ) "सचिव" भन्नाले उपभोक्ता समितिको सचिब सम्झनुपर्दछ।

(ङ) "कोषाध्यक्ष" भन्नाले उपभोक्ता समितिको कोषाध्यक्ष सम्झनु पर्दछ।

(च) "कार्यपालिका" भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ।

(छ) "सदस्य" भन्नाले उपभोक्ता समितिको सदस्य सम्झनु पर्दछ।

## ३. टोल सुधार समितिको गठन

३.१ स्थानिय सरकार संचालन ऐन २०७४ को अधिनमा रही प्रत्येक वडा समितिले आ आफ्नो वडामा टोल सुधार समिति गठन गर्नुपर्नेछ।

## ४. योजना छनौट प्रकृया

४.१ आर्थिक वर्ष सुरु भएपछि गाउँ कार्यपालिकाबाट त्यस वर्षको लागी बजेट बक्तव्य हुनु अगावै टोल सुधार समितिको रोहबरमा वडा कार्यालयले एक सूचना जारी गरी टोल, टोल र बस्ती बस्तीबाट योजना संकलन गर्ने काम गर्नुपर्दछ। योजना संकलन गर्दा योजना तर्जूमा प्रकृया को निर्देशनमा रही योजना संकलन तथा छनौट गर्नुपर्नेछ।

४.२ यसरी त्यस वर्षको लागी संकलन गरिएको योजनाहरु बजेट तथा कार्यक्रम तर्जुमा समितिको छलफलमा पेश गरी त्यस आर्थिक वर्षको लागी योजना बनाउनमा सहयोग पुर्‍याउनु पर्ने छ। त्यसै छलफलबाट निशकर्ष निकाली कार्यपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिले त्यस आर्थिक वर्षको लागी बार्षिक नीति तथा कार्यक्रम बनाउने छ। यसरी बनाईएको वार्षिक नीति तथा कार्यक्रम गाउँ सभाबाट घोषणा गर्नुपर्दछ।

## ५ वडा समितिको वडा परिषद्

५.१ गाउँ सभाबाट वार्षिक नीति तथा कार्यक्रम तथा बजेट बक्त्व्य प्रस्तुत भईसकेपछि त्यसको ७ दिन भित्र वडा समितिहरुले वडामा तोकिएको बजेट सिमा भित्र रही टोल र बस्तीबाट संकलन गरिएको योजनाहरुलाई प्राथमिकताको आधारमा राखी वडा परिषद् गर्नुपर्दछ र उक्त परिषद्मा निर्णय गरिएको जानकारी गाउँपालिकामा पेश गर्नुपर्दछ।

## ६. उपभोक्ता समिति गठन

६.१ वडा परिषदबाट स्वीकृत योजना संपन्न गर्नको लागी त्यस टोल र वस्तीको बुद्धिजीवी वर्ग र उत्साहीत जनसमुदायको भेलाबाट टोल सुधार समितिको रोहबरमा एक उपभोक्ता समिति गठन गर्नपर्छ। त्यस योजनाको तोकीएको प्राविधिक मार्फत लागत स्टीमेट तयार पार्ने र अधिकतम जनसहभागीतामा सम्पूर्ण काम गर्ने जिम्मेवारी त्यसै योजना उपभोक्ता समितिले गर्नुपर्नेछ। उपभोक्ता समिति गठन गर्दा वडा सचिवले आवश्यक प्रशासनीक कार्यमा भुमिका निभाउनु पर्नेछ।

## ६.२ उपभोक्ता समितिको काम कर्तव्य र जिम्मेवारी

१ संवन्धीत वडा समिति वा गाउँपालिकामा योजना सम्झौता गर्ने

२ त्यस योजनाको लागी तोकीएको बजेट सिमाभित्र रही बजेटको अधिकतम उपभोग गरी सफलतापूर्वक योजना संपन्न गर्ने।

३ योजना संपन्न गर्न योजनाको प्रकृतिहेरी केही पेश्की रकम तथा आंशिक रकम माग गरेमा उपभोक्ता समितिको आधिकारीक तोकीएको खातामा रकम दिन सकिनेछ।

४ लागत समय धेरै लाग्ने र ठुला योजनाको हकमा योजनाको मार्ग चित्र संवन्धीत योजना स्थलमा वोर्ड बनाई सर्वसाधारणको जानकारीको लागी टाँस गर्नुपर्नेछ।

५ योजना संपन्न भईसके पछि अन्तिम भुक्तानीको लागि वडा समिति मार्फत वडा सचिव तथा वडा अध्यक्षको प्रत्यक्ष सहभागीतामा योजनाको अनुगमन तथा मुल्यांकन गराई गाउँपालिका समक्ष उपभोक्ता समितिले फायल पेश गर्ने।

६ गाउँपालिका का प्रमुख तथा निजले तोकेको व्यक्ति मार्फत योजनाको अन्तिम अनुगमन गरी गाउँ पालिकाको प्राविधिक ईन्जिनियरले कार्य संपन्नताको प्रतिवेदन पेश गरेपछि गाउँपालिकाको प्रमुखको तोक आदेशमा योजनाको फर फारक गरिनेछ र अन्तिम भुक्तानी दिईनेछ।

आज्ञाले,
प्रदिप गिरी
प्रमुख प्रशासकीय अधिकृत